बाह्रदशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चकचकी, झापा
कोशी प्रदेश, नेपाल
नेपाल सम्वत् ११४६


## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी पुनः सूचना (दोस्रो पटक)

**सूचना नं.:- २२/०८३-०८४, मिति २०८३/०४/१२**

बाह्रदशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा रिक्त रहेका तपसिलको पदमा प्रचलित कानून बमोजिम खुला प्रतिस्पर्धाद्वारा कर्मचारी सेवा करार मार्फत पदपूर्ति गर्ने प्रयोजनका लागि यस अघि सूचना नं. १३३/०८२-०८३ र विज्ञापन नं. २०/२०८२-८३ मार्फत मिति २०८३/०३/१९ मा दरखास्त आह्वान गरिएको थियो। उक्त विज्ञापन अनुसार रितपूर्वक आवेदन पेश गर्ने उम्मेदवारहरुको मिति २०८३/०४/१२ गते लिखित परीक्षा सञ्चालन गरिएकोमा, परीक्षामा सहभागी **कुनै पनि उम्मेदवार लिखित परीक्षामा उत्तीर्ण हुन नसकेको कारण पुनः सूचना प्रकाशन** गरि पदपूर्ति गर्नुपर्ने भएकोले तोकिएको न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले तोकिएको मिति भित्र राजस्व बुझाई सोको रसिद सहित तोकिएको ढाँचामा यस गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा उपस्थित भई वा अनलाईन मार्फत दरखास्त आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि ७ (सात) दिने पुनः सूचना प्रकाशित गरिएको छ।

तपशिल:-

| क्र.स. | विज्ञापन नं. | विज्ञापनको किसिम | पद | सेवा/समूह/उपसमूह/तह | माग पद संख्या | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | ३/२०८३-०८४ | खुल्ला | अ.न.मी | सहायकस्तर चौथौं | १ | ४००।०० |

**क. परीक्षा किसिम:-** लिखित र अन्तर्वार्ता।

**ख. परीक्षा मिति:-** अर्को सूचनाद्वारा तय गरिनेछ।

**ग. परीक्षा केन्द्र:-** बाह्रदशी गाउँकार्यपालिकाको कार्यालय, चकचकी झापा।

**घ. दरखास्त दस्तुर बुझाउने विधि र स्थान:-** गाउँपालिकाको कार्यालयमा उपस्थित भई वा कुनै पनि बैंकमार्फत SuTRA बाट सृजित भौचरबाट गाउँपालिकाको देहायको विवरणको आन्तरिक राजस्व खाता वा स्थानीय तह राजस्व पोर्टल sutrarevenue.fcgo.gov.np,(LLRP mobile application) मार्फत अनलाईन भुक्तानी गर्न सकिनेछ।

**राजस्व खाताको विवरण:**

- कार्यालय कोड: ८०११२५०५००१
- राजस्व शीर्षक: १४२२४
- राजस्व शीर्षकको नाम: परीक्षा शुल्क
- बैंक खाता नं: ०८३००८७०५००००११३
- खाताको नाम: आन्तरिक राजस्व खाता
- खाता रहेको बैंक: माछापुच्छ्रे बैंक

**ङ. दरखास्त दस्तुर बुझाउने अवधि:-** दरखास्त दिन पाउने अन्तिम मिति सम्म। (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन)

**च. दरखास्त दिने अन्तिम मिति:** मिति २०८३।०४।१८ गतेसम्म।

**छ. उम्मेदवारको उमेरको हद:-** दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ ननाघेको।

083/04/12
गजेन्द्र थपलिया
प्रमुख प्रशासकीय अधिकृत




Scanned with CamScanner

**ज. तलब/पारिश्रमिक:-** प्रचलित नियम बमोजिम हुनेछ।

**झ. आवश्यक न्यूनतम योग्यता:**

१)मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी कोर्ष उत्तीर्ण गरी नेपाल नर्सिङ्ग परिषदमा नाम दर्ता तथा नविकरण भएको।

२)भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको।

३)नैतिक पतन देखिने गरी फौजदारी अभियोगबाट अदालत कसूरदार नठहरिएको।

**ञ. दरखास्त फाराम पाइने स्थान:-** बाहदशी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, चकचकी, झापा वा कार्यालयको वेबसाइट www.bahradashimun.gov.np मा गई करार सेवा पदको लागि दरखास्त फाराम डाउनलोड गर्न सकिनेछ।

**ट. दरखास्त फाराम बुझाउने स्थान:-** बाहदशी गाउँपालिका,गाउँकार्यपालिकाको कार्यालय,चकचकी,झापा वा vacancy.bahradashirm@gmail.com मा बुझाउन सकिनेछ।

**ठ. दरखास्त फारामसाथ पेश गर्नु पर्ने कागजातहरु:-** आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका कागजातहरु

(१) आफुले दरखास्त दिन चाहेको पद विज्ञापन नं. खुलाई दिएको निवेदन,

(२) तोकिएको आवेदन फाराममा विवरण भरी फोटो समेत टाँस गरी १ (एक) प्रति,

(३) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(४) तोकिएको न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपि,

(५) कार्य अनुभव खुल्ने कागजातहरु।

**ड. विस्तृत जानकारीको लागि:-** सम्पर्क नं. ९८५२६६५५८८

**द्रष्टव्य:**

(क) कार्यालयद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

(ख) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको स्थायी प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक भनी उल्लेख गरिएका कागजातहरुको सक्कल प्रतिका साथै प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

(ग) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ।

**(घ) पाठ्यक्रम तथा अन्य व्यवस्था:** लोकसेवा आयोगद्वारा निर्धारित सम्बन्धित सेवा/समूहको पाठ्यक्रम साथै अन्य प्रचलित कानूनबमोजिम।

२०८२/०८/१२

गजेन्द्र थपलिया
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner
Scanned with CamScanner